नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

☎ ४२००३१८, ६२००२९९, ४२००५०५


पत्र संख्याः २०७५/०७६

चलानी नं.: ४१२९

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मिति :- २०७६/३/२९

विषय :- विपद व्यवस्थापन सम्वन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृत
स्थानीय तहहरु सवै ।

प्रस्तुत विषयमा केही दिन देखी परेको अविरल वर्षाका कारण नेपालका विभिन्न भू-भागहरुमा बाढी, पहिरो, डुवान जस्ता विपदका कारण जनधनको क्षति भएको कुरा विदितै छ ।

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) को विपद व्यवस्थापन सम्वन्धी काम कर्तव्य र अधिकारको सम्वन्धमा स्पष्ट व्यवस्था छ ।विपदको यस समयमा कतिपय स्थानीय तहहरुमा प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा उपस्थित नभएको र सो कारणले स्थानीय तहबाट हुने खोज तथा उद्धार, तत्कालिन राहत तथा सिघ्र पुनर्लाभका काममा बाधा परेको भन्ने गुनासो प्राप्त हुन आएको हुँदा विपदको प्रभावकारी र सम्न्वायत्मक ढंगले व्यवस्थापन गर्न सवै प्रमुख प्रशासकीय अधिकृतहरुले आ-आफ्नो स्थानीय तह नछोड्न तथा कुनै कारणले कार्यालय उपस्थित नभएको भए चौविस घण्टा भित्र कार्यालयमा उपस्थित भई कामकाज गर्नुहुन यस मन्त्रालयको मिति २०७६/३/२९ को निर्णयानुसार अनुरोध छ ।

(विष्णुहरी बराल)
शाखा अधिकृत